# सहभागितामूलक संविधान निर्माण प्रक्रिया



## नेपालमा सहभागितामूलक संविधान निर्माण पुस्तिका श्रृङ्खला
१०

Centre for Constitutional Dialogue
संवैधानिक संवाद केन्द्र

नेपाली

नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग परियोजना- युएनडीपी

**प्रकाशक**

संवैधानिक संवाद केन्द्र

पहिलो संस्करण : २०६५ साल

प्रतिलिपि अधिकार © संवैधानिक संवाद केन्द्रमा सर्वाधिकार सुरक्षित छ। सामग्रीको स्रोतका रूपमा संवैधानिक संवाद केन्द्रप्रति साभार व्यक्त गरी गैरव्यावसायिक प्रयोजनका लागि यस पुस्तिकाका अंशहरू पुन:प्रकाशन र/वा अनुवाद गर्न सकिनेछ। ती पुन:प्रकाशन र/वा अनुवादको एक प्रति संवैधानिक संवाद केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ।

**साजसज्जा तथा मुद्रण**

प्रिन्ट प्वाइन्ट पब्लिसिङ, त्रिपुरेश्वर, काठमाडौं।

फोन : ४२४९६७४, ४२४९६७५



**थप जानकारी वा यस पुस्तिकाका लागि निम्नलिखित ठेगानामा सम्पर्क राख्नुहोला :**

संवैधानिक संवाद केन्द्र

तेस्रो र चौथो तल्ला, अल्फा बेटा कम्प्लेक्स, बुद्धनगर, काठमाडौं

टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८

ई-मेल : info@ccd.org.np

वेबसाइट : www.ccd.org.np

# सहभागितामूलक संविधान निर्माण प्रक्रिया

पुस्तिका शृङ्खला १०

सहभागितामूलक संविधान निर्माण प्रक्रिया १
संविधानसभा के हो ? १
सहभागितामूलक संविधान निर्माण प्रक्रिया के हो ? २
संविधानसभाबाट संविधानको मस्यौदा तयार गर्ने कार्यविधिहरु के, के हुन् ? २
संविधान निर्माणमा जनताका दृष्टिकोण कसरी पुऱ्याउन सकिएला ? ३
संविधानलाई अन्तिम रुप कसरी दिइन्छ ? ४
संविधानको मस्यौदा तयार पार्ने प्रक्रियामा जनसहभागिताको बृद्धि गर्नका लागि के विधिहरु प्रयोग गर्न सकिन्छ ? ५
नागरिकहरुको योगदानलाई संविधानसभाले कसरी थाहा पाउन सक्नेछ ? ६
नेपालमा संविधान निर्माणको इतिहास कस्तो रहेको छ ? ६
संविधान निर्माण प्रक्रियासाग सम्बन्धित महत्वपूर्ण नीतिहरु के, के हुन् ? ८

# सहभागितामूलक संविधान निर्माण प्रक्रिया

सहभागितामूलक संविधान निर्माण प्रक्रियामा सबै नागरिकहरु एक भई राष्ट्रले सामना गरिरहेको महत्वपूर्ण मुद्दाहरुलाई सम्बोधन गर्ने संविधान निर्माणमा जुट्छन् । यस्तो अभ्यास सफल भएको खण्डमा संविधानप्रति जनताले अपनत्व जनाउँछन्, र यसले जनताबीच एकता वृद्धि गरी सरकार र जनताबीचको सम्बन्धलाई बलियो बनाउँदछ ।

संविधानसभा एउटा यस्तो निर्वाचित निकाय हो जसलाई राज्यहरुले नयाँ संविधानप्रति जनसमर्थन सुनिश्चित गर्न प्रयोग गर्नेगर्छन् । नेपालले नयाँ संविधान निर्माण गर्ने क्रममा संविधानसभाको गठन गरेको छ । संविधान निर्माण प्रक्रियासम्बन्धी एउटा कार्य संविधान निर्माण प्रक्रियाबारे जनतालाई जानकारी गराई यस प्रक्रियामा उनीहरुलाई सहभागी गराउँन जनसहभागितामूलक कार्यक्रमहरु सञ्चालन गर्नु हो ।

संवधान निर्माण प्रक्रियालाई समावेशी बनाउँन संविधानसभाले निम्न मुद्दाहरुलाई केलाउनुपर्ने हुन्छ :

१. संविधानसभा के हो ?
२. सहभागितामूलक संविधान निर्माण प्रक्रिया कस्तो प्रक्रिया हो ?
३. संविधानसभामा संविधानको मस्यौदा तयार गर्ने कार्यविधिहरु के, के हुन् ?
४. संविधानमा जनभावना कसरी प्रतिविम्वित गर्न सकिन्छ ?
५. संविधानलाई कसरी अन्तिम रुप दिइन्छ ?
६. संविधानसभाले जनताको संविधान हो भनेर कसरी पहिचान गर्ने ?
७. संविधान निर्माणमा जनसहभागिता वृद्धि गर्न कस्ता उपायहरु प्रयोग गर्न सकिन्छ ?
८. संविधान निर्माणसम्बन्धी नेपालको इतिहास कस्तो छ ?
९. संविधान निर्माण प्रक्रियामा कुन मितिहरु महत्वपूर्ण छन् ?

## १. संविधानसभा के हो ?

संविधानप्रति जनताको अपनत्व सुनिश्चित गरी जनता र राज्यबीच बलियो सम्बन्ध स्थापना गर्नको लागि संविधानसभालाई प्रयोग गर्नेगरिन्छ। नेपालमा निर्वाचित जस्तो संविधानसभा समावेशी हुन्छ किनकी यो देशमा विद्यमान सङ्क्रमणकालको व्यवस्थापन र संविधान निर्माण जस्ता कार्य गर्नको निम्ति गठित यो एक प्रतिनिधिमूलक निकाय हो । संविधानसभाको कार्यहरुमा कानुनमा संशोधन गर्ने, राज्य सञ्चालन गर्ने, तथा नेता नियुक्ति गर्ने कार्य पनि पर्दछन् । नेपालमा संविधानसभाको कार्य यसै अनुरुप छ, किनकी यहाँ यसले नयाँ संविधान निर्माण गर्ने र व्यवस्थापिकीय निकायको रुपमा कार्य गर्ने जिम्मेवारी पाएको छ ।

नेपालीहरुले २०६४ चैत्र २८ गते संविधानसभाका सभासदहरुलाई निर्वाचित गरेपछि संविधान निर्माण प्रक्रियामा उनीहरुको अपनत्व सिर्जना भएको छ । संविधानसभामा ६०१ सदस्य छन् । सदस्यहरुको पृष्ठभूमिको आधारमा महिला, जनजाति, आदिवासी र धार्मिक समुदायहरु, दलित तथा पिछडिएका क्षेत्रको प्रतिनिधिहरुसहित यो निकाय निश्चित रुपमा समावेशी छ ।

## २. सहभागितामूलक संविधान निर्माण प्रक्रिया के हो ?

संविधान देशको मूल कानुन हो । देशका सबै कानुनहरु यसमा आधारित हुन्छन् । यसले सरकारको सरचना, कार्य, कार्यविधि, अधिकार र जिम्मेवारी स्थापित गर्दछ । संविधानले नागरिक अधिकारको पनि पहिचान गर्दछ ।

सहभागितामूलक संविधान निर्माण प्रक्रियाले नागरिकहरुमा संविधानप्रति अपनत्वको भावना विकसित गर्नुका साथै राष्ट्रनिर्माणमा सहभागी बनेको महशुस गराउँछ । यस प्रक्रियाले जनतालाई संविधानको भूमिकाप्रति सजग गराई कहिलेकाहीं रोज्नुपर्ने जटिल विकल्पबारे अवगत गराउँदछ ।

संविधान निर्माण प्रक्रियामा सबै नेपालीको सहभागिता रहोस् भन्ने उद्देश्य अनुरुप संविधानसभाबाट प्रक्रियालाई खुला राखिएको छ । सन् २००८ को नोभेम्बर महिनामा संविधानसभाले कार्यविधि नियमावलि २०६५ तयार गऱ्यो, जसले संविधानको मस्यौदा तयार गर्ने समितिहरुको गठन, संविधानसभाको व्यवस्थापिकीय भूमिका ब्याख्या गर्ने तथा संविधान निर्माण गरिसक्ने मिति तय गर्ने काम गरेको छ । सन् २००९ को मार्च महिनामा सभासद्हरुले महत्वपूर्ण मुद्दामा नेपाली नागरिकका दृष्टिकोण बुझ्न देशभरका निर्वाचन क्षेत्रहरुको भ्रमण गरे । सभासद्हरुले उनीहरुलाई प्रश्नावली भराउनेबाहेक उनीहरुसंग संवैधानिक मुद्दाहरुबारे अनौपचारिक छलफल पनि गरे । संविधानसभाले जनतासंग भएका यस्ता परामर्शहरुमा प्रेशित सुझावहरुलाई संविधानको मस्यौदामा समावेश गर्ने छ । यसरी तयार पारिएको प्रारम्भिक मस्यौदालाई त्यसपछि संविधानबारे सुझाव सङ्कलन गर्न देशभर वितरण गरिने छ । अन्तमा, नयाँ संविधान अवलम्बन गर्ने हो वा होइन भन्ने कुरा निर्धारण गर्न जनताका प्रतिनिधिका हैसियतले सभासद्हरुले त्यसमाथि मतदान गर्नेछन् ।

(संविधानको कार्यतालिकाको निम्ति http://www.ccd.orgnp/pdf/NEW_CATimeline_en.PDF हेर्नुहोला)

## ३. संविधानसभाबाट संविधानको मस्यौदा तयार गर्ने कार्यविधिहरु के, के हुन् ?

संविधानसभा नियमावलिले संविधानसभालाई संविधानसभाको मस्यौदा तयार गर्ने तथा विधायिकी निकायको रुपमा कार्यगर्ने दोहोरो कार्यादेश प्रदान गरेको छ । नियमावलिले सहभागितामूलक संविधानको मस्यौदा तयार गर्नका लागि एक संवैधानिक समिति, र व्यक्तिगत अधिकार, सङ्घीयता, र एक स्वतन्त्र न्यायपालिका जस्ता महत्वपूर्ण मुद्दाहरुलाई सम्बोधन गर्नका निम्ति १० विषयगत

समितिहरु तथा ३ प्रक्रियागत समितिहरु गठन गर्ने प्रावधान गरेको छ । संवैधानिक समितिमा ६१ सदस्यहरु छन् भने विषयगत र कार्यविधि समितिहरुमा प्रत्येकमा ४३ सदस्यहरु रहेका छन् । संविधानसभामा प्रतिनिधित्व भएका राजनीतिक दलहरुका आधारमा समितिका सदस्यहरु चयन गरिएको छ । त्यसो गर्दा अल्पसङ्ख्यक समूहहरु, महिला, आदिवाशी जनजति, मुशलमान र पिछडिएका क्षेत्रको प्रतिनिधित्वलाई ध्यान दिइएको छ ।

संविधान लेखनको जिम्मेवारी संवैधानिक समितिलाई दिइएको छ । विषयगत समितिहरुमा नपरेका कुनै पनि महत्वपूर्ण मुद्दा संवैधानिक समितिको जिम्मेवारीभित्र पर्दछ । उदाहरणको लागि, संविधानको प्रस्तावना, संकटकालिन अधिकार, र संशोधन सम्बन्धी भाग संवैधानिक समितिले लेख्ने छ ।

संविधानको केही भागका प्रारम्भिक मस्यौदा तयार गर्ने जिम्मेवारी विषयगत समितिहरु अन्तगर्त पर्दछ । संवैधानिक समितिले यी सबै भागहरुलाई संग्रहित गरी एउटा पूर्ण पाठ बनाउँने छ । विषयगत समितिहरु यस प्रकार रहने छन् :

१. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति
२. अल्पसङ्ख्यक तथा सीमान्तीकृत समुदायको अधिकार संरक्षण समिति
३. राज्यको पुनर्संरचना र राज्य शक्ति बाँडफाँड समिति
४. व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति
५. राज्यको शासकीय स्वरुप निर्धारण समिति
६. न्यायप्रणालि समिति
७. संवैधानिक निकायको संरचना निर्धारण समिति
८. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति
९. सांस्कृतिक र सामाजिक ऐक्यवद्धताका आधार निर्धारण समिति
१०. राष्ट्रिय हित संरक्षण समिति

विषयगत समितिहरुले आफू अन्तर्गत पर्ने विषयवस्तुबारे अवधारणापत्रसहित प्रारम्भिक मस्यौदा प्रतिवेदन संविधानसभासमक्ष बुझाउने छ । संविधानसभाको सुझाव तथा निर्देशन संवैधानिक समितिमा पठाइने छ । यस्ता सुझाव तथा निर्देशनको आधारमा संविधानको मस्यौदा तयार गर्ने कार्य संवैधानिक समितिको मुख्य जिम्मेवारी हुने छ ।

समितिहरुबारे विस्तृत जानकारीका निम्ति http://www.can.gov.np/doc_folder/20CA%20 RULES%20OF%PROCEDURE_FINAL.pdf मा उपलब्ध संविधानसभाका कार्यविधि हेर्नुहोला ।

## ४. संविधान निर्माणमा जनताका दृष्टिकोण कसरी पुर्‍याउन सकिएला ?

संविधान निर्माणको एउटा महत्वपूर्ण पक्ष जनसहभागिता हो । सहभागितामूलक संविधान निर्माण प्रक्रियाले नागरिकको सक्रिय सहभागिता, सरकारमा नागरिकको संलग्नता, जनताको संविधानप्रति

अपनत्वको भावनाको विकास र यस कार्यलाई वैद्यता प्रवर्द्धन गर्ने कार्यलाई जोड दिन्छ । सफल भएको खण्डमा यस्तो प्रक्रियाले नागरिकमा संविधान आफ्नो हो भन्ने भावनाका साथै उनीहरुबीच हामी एकै हौं भन्ने भावनाको विकास गरी राज्य र जनताबीचको सम्बन्धलाई बलियो बनाउँदछ ।

बाकी तीन प्रक्रियागत समितिहरु संविधान निर्माणका प्रशासकीय पक्षसँग सम्बन्धित छन् र यसबाट नागरिकका सुझावहरु संविधान निर्माण प्रक्रियामा ल्याउने काम हुन्छ । ती समितिहरु यस प्रकार हुनेछन् :

१. नागरिक सम्बन्ध समिति
२. जनमत सङ्कलन तथा समन्वय समिति
३. क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति

नागरिक सम्बन्ध समितिको प्रमुख जिम्मेवारी संविधान निर्माण प्रक्रियामा नागरिकहरुको सहभागिता कसरी वृद्धि गर्न सकिन्छ भन्ने हो । यस समितिले सबै नेपालीमाझ संविधानसभा र संविधानबारे सूचना प्रवाह गर्ने अभियान गर्दछ । संविधान लेखनको प्रारम्भिक चरणमा नागरिकका दृष्टिकोण समाविष्ट गर्न नागरिक सम्बन्ध समितिले प्रश्नावलि विकसित गरेको छ । संवैधानिक मुद्दाहरुबारे सुझाव सङ्कलन गर्न सभासद्हरुबाट उक्त प्रश्नावलिहरुको प्रयोग भएको थियो । सन् २००९ को मार्च महिनाको तीन साताभन्दा बढिको समयमा नेपालभरका नागरिकहरुले त्यस्ता हजारौं प्रश्नावलिहरु भरेका थिए । भरिएका प्रश्नावलिहरुलाई पछि संविधानको मस्यौदा तयार गर्ने क्रममा समितिका सदस्यहरुले प्रयोग गरेका थिए ।

जनमत सङ्कलन तथा समन्वय समितिको मुख्य जिम्मेवारी संविधानको मस्यौदालाई सञ्चारका विविध साधनमार्फत प्रचारप्रसार गर्नु हो । यस समितिले मस्यौदा संविधानबारे सार्वजनिक सुनुवाई, सेमिनार तथा कार्यशालाहरुको आयोजना पनि गर्नेगर्दछ । यसबाहेक, समितिले नागरिकहरुबाट सङ्कलित सुझावहरुलाई संविधानसभामा प्रेशित गर्ने कार्य गर्दछ ।

क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिले संविधान निर्माण प्रक्रियाबारे नागरिक र सभासद्हरुबीच अन्तरक्रियात्मक कार्यक्रमहरु आयोजना गर्दछ । समितिको अन्य जिम्मेवारीहरुमा संवैधानिक मुद्दाहरुबारे अनुसन्धानात्मक अध्ययनहरु गर्ने, संविधानसभा र यस अन्तर्गतका समितिहरुलाई स्रोतसामाग्री उपलब्ध गराउने, र स्रोत केन्द्र स्थापना गरी त्यसको व्यवस्थापन गर्नु हो ।

## ९. संविधानलाई अन्तिम रुप कसरी दिइन्छ ?

नागरिकहरुसंगको परामर्शपछि जनताबाट प्राप्त सुझावहरुको आधारमा संवैधानिक समितिले संवधानको मस्यौदाउपर पुनर्विचार गर्ने छ । संवैधानिक समितिबाट मस्यौदा संविधानलाई अन्तिम रुप दिने कार्य भएपछि अनुमोदनका लागि उक्त मस्यौदालाई संविधानसभामा पेश गरिन्छ ।

अन्तरिम संविधानको धारा ७० मा नयाँ संविधान पारित गर्ने प्रक्रियाबारे विस्तृत रुपमा वर्णण गरिएको छ । उक्त धाराअनुसार संविधानसभाले नयाँ संविधानको प्रस्तावनाको मस्यौदा र प्रत्येक

धाराहरुलाई पारित गर्नुपर्दछ । संविधानसभाको कुल सङ्ख्याको कमसेकम दुई तिहाई सदस्यहरु उपस्थित भई सर्वसम्मतिबाट संविधानको प्रस्तावना र धाराहरुको पक्षमा मतदान भएको खण्डमा प्रस्तावना र उक्त धाराहरु पारित भएको ठानिने छ ।

सर्वसम्मति हुननसकेको खण्डमा मस्यौदाउपर सहमतिमा पुग्न राजनीतिक दलका नेताहरुबीच परामर्श हुने छ । यस प्रकारको परामर्शपछि प्रस्तावना र धाराहरुमाथि पुन: मतदान गरिने छ । र, संविधानसभाका कमसेकम उपस्थित सदस्यहरुमध्ये दुई तिहाईको बहुमतबाट प्रस्तावना र धाराहरुको समर्थनमा मतदान गरिएको खण्डमा उक्त प्रस्तावना र धाराहरु पारित भएको मानिने छ । यदि त्यसो हुननसकेको खण्डमा प्रस्तावना र धाराहरुमा सहमति नभएको मानि मस्यौदा र धाराहरुको पुनर्लेखन हुनेछ ।

धारा १५७ मा राष्ट्रिय जनमतसंग्रहको प्रावधान पनि छ । जनताहरुले महत्वपूर्ण मुद्दाबारे जनमतसंग्रहमार्फत मतदान गर्नसक्छन् । यदि संविधानसभाले संविधान पारित गर्ने कार्य राष्ट्रिय महत्वको विषय हो भनि किटान गरेको खण्डमा जनमतसंग्रह गर्न सकिन्छ ।

संविधान पारित गर्ने कार्यविधिहरुबारे विस्तृत जानकारीका निम्ति http://www.supremecourt.gov.np/ic.pdf. मा राखिएको अन्तरिम संविधान हेर्नुहोला ।

## ६. संविधानको मस्यौदा तयार पार्ने प्रक्रियामा जनसहभागिताको वृद्धि गर्नका लागि के विधिहरू प्रयोग गर्न सकिन्छ ?

सहभागितामूलक संविधान निर्माण प्रक्रियाको सिर्जनाका लागि जनशिक्षा तथा परामर्श अभियान अत्यावश्यक छ । यस प्रक्रियामा जनताको बढदो बुझाई र सहभागिताका साथ सहयोग गर्ने विधिहरूमा निम्नलिखितहरू पर्दछन् :

» विभिन्न भाषाहरूमा संविधानको मस्यौदाहरू
» जनसाधारण बीच सर्वेक्षण र प्रश्नावली
» सार्वजनिक सुनुवाई, भेटघाट तथा गोलमेच छलफल
» टेलिभिजन र रेडियो कार्यक्रम तथा विज्ञापन
» पत्रपत्रिकाका लेखरचना तथा विज्ञापन
» ग्रामिण क्षेत्रहरूमा सडक नाटक र नृत्य कार्यक्रम
» वेबसाइट

कार्यक्रम अन्य राज्यहरूले अन्तरराष्ट्रिय पक्षहरू जस्तो कि युरोपेली संघ, संयुक्त राष्ट्र संघ, तथा गैरसरकारी संस्थाहरूलाई साझेदारका रुपमा संविधानको विषयमा जनतालाई शिक्षित गर्ने कार्यमा सहभागी गराएका छन् । उपरोक्त प्रक्रियामा पारदर्शिताको प्रर्वद्धन र जनताको सल्लाहलाई

आत्मसात गर्नका लागि अन्तरराष्ट्रिय र राष्ट्रिय साझेदारहरूसँगको सहकार्य एउटा लाभदायक संयन्त्र हुनसक्छ ।

## ७. नागरिकहरूको योगदानलाई संविधानसभाले कसरी थाहा पाउन सक्नेछ ?

संविधान निर्माण प्रक्रियामा नागरिक सहभागिता अनिवार्य रहेको हुन्छ। राष्ट्रको संविधान निर्माणमा सहभागिताले जनतामा स्वामित्वपनको भाव प्रदान गर्दछ र विभिन्न जातजाति, आदिवासी र धार्मिक समूहको समुदायको रूपमा राष्ट्र निर्माणमा सघाऊ पुऱ्याउँछ ।

जनसाधारणलाई उनीहरूको राय वा विचारहरूमाथि ध्यान दिएको हेर्न संविधानसभाले उपरोक्त राय वा विचारहरूमाथि के कस्तो काम गरिरहेको छ भन्ने बारेमा जनतालाई सुचित गराउनु पर्दछ। संविधानसभाले जनताको योगदानको कदर गर्न विभिन्न कदमहरू अवलम्बन गर्न सक्नेछ :

» विभिन्न पत्रपत्रिका तथा वेबसाइट मार्फत् संविधानसभाले विचार भइरहेको सुझावहरूको प्रकाशन गर्ने ।

» सुझाव संकलनका प्रक्रिया, प्राप्त सुझाव संख्या र ती सुझावहरूको उपयोग कसरी भएको छ आदिलाई प्रस्तावनामा उल्लेख गर्ने ।

» सर्वोकृष्ट सुझावहरू प्रस्तुत गर्ने नागरिकहरूलाई संविधानसभामा समितिहरूमा उहाँहरूको सुझावमाथिको छलफलका लागि निम्त्याउने ।

» संविधानसभामा प्राप्त भएका सुझाव संख्यासम्बन्धी साप्ताहिक अद्यावधिक जानकारीका लागि संविधानसभाको वेबसाइटमा "सुझाव सूचक" राख्ने ।

» जिल्लाबाट प्राप्त सर्वोकृष्ट सुझावहरू र संविधानसभाले ती सुझावहरू कसरी प्रयोग गर्दछ भन्ने सम्बन्धी योजना प्रत्येक गाउँ विकास समितिमा पठाउने ।

» सर्वोकृष्ट सुझावहरू र तिनीहरूको प्रयोगसम्बन्धी योजनाको बारेमा छलफल गर्नेगरी साप्ताहिक टेलिभिजन तथा रेडियो कार्यक्रमको प्रसारण गर्ने ।

## ८. नेपालमा संविधान निर्माणको इतिहास कस्तो रहेको छ ?

यो नेपालमा संविधान निर्माण गर्न लागेको पाँचौ पटक हो । विगतमा संविधान विज्ञहरूले लेखेका थिए । उनीहरूले त्यसबेला संविधानसभाको प्रयोग गरेका थिएनन् र संविधानपनि समावेशी रूपमा लेखिएको थिएन । सायद त्यहि कारणले होला ती संविधानहरु लामो समयसम्म टिकेनन् ।

नेपाल सरकार वैधानिक कानून २००४ (सन् १९४८) : राणा प्रधानमन्त्री पद्मशम्शेरले वि.सं. २००३ (सन् १९४७) मा संवैधानिक सुधार समितिको गठन गरी नेपालको पहिलो संविधान बनाउन

भारतबाट विज्ञहरूलाई बोलाएका थिए । नेपाल सरकार वैधानिक कानून २००४ (सन् १९४७) ले दुई सदनात्मक संसदको स्थापना गरेको थियो । प्रधानमन्त्रीलाई उल्लेख्य अधिकार प्रदान गरिएको थियो : उनले एउटा सदनको सम्पूर्ण र अर्को सदनको बहुसंख्यक सदस्यहरूको नियुक्तिका साथै कुनैपनि विधेयकलाई अस्वीकार गर्न सक्दथ्यो । यो संविधानको घोषणा हुनु अगावै मोहनशम्शेरद्वारा पद्मशम्शेर लखेटिए । तथापी तत्कालीन राजनैतिक अस्थिरताले गर्दा वि.सं. २००७ (सन् १९५०) मा आएर मोहनशम्शेरले वि.सं.२००४ को संविधानको घोषणा गर्न बाध्य भए ।

नेपाल अन्तरिम शासन विधान, २००७ (सन् १९५१) : २००७ सालमा तत्कालीन राजा त्रिभुवनले भारतीय विज्ञहरूसँग सहकार्य गरी नेपाल अन्तरिम शासन विधान २००७ बनाएका थिए । यो संविधान भारतीय संविधानमा आधारित थियो । यस अन्तरिम संविधानले देशको कार्यकारी, व्यवस्थापकीय तथा न्यायिक अधिकारहरू राजाको हातमा राखिदिएको थियो । यद्यपी यस संविधानले राजकीय सत्ता हासिल गर्न संविधानसभाको निर्वाचनको आह्वान गरेको थियो तर सो निर्वाचन कहिल्यै सम्पन्न भएन । यसको बदलामा राजा त्रिभुवन र उनका उत्तराधिकारी राजा महेन्द्रले वि.सं. २०१९ (सन् १९५९) को शाही संविधान नबनेसम्मका प्रत्येक सरकारहरूको गठन गर्दै गए ।

वि.सं. २०१५ को संविधान (सन् १९५९) : यस संविधानले विभिन्न महत्वपूर्ण अधिकारहरू राजामा निहित गरिदियो । तत्कालीन सरकार राजा महेन्द्रले २०१७ सालमा प्रधानमन्त्रीलाई वर्खास्त गरी संकटकालीन कानूनको जारी गरेको तथा संविधानको निलम्बन गर्नु अघिको अवस्थासम्म टिकेको थियो । यी कदमहरूले पञ्चायती व्यवस्थो जन्म दियो र सो व्यवस्थाले व्यवस्थापकीय शक्ति राजामा निहीत गऱ्यो । २०३६ साल (सन् १९७५) सम्म राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाइयो जब राजाले अर्धराजनैतिक तथा न्यायिक संरचनाका साथ निर्दलीय राज्य व्यवस्थाको सिर्जना गरे । यस्तो शासकीय संरचना २०४६ सालको जनआन्दोलनसम्म कायम रह्यो ।

नेपाल अधिराज्यको संविधान २०४७ (सन् १९९०) : देशव्यापी रूपमा फैलिएको विरोधका कारण २०४६ सालमा तत्कालीन राजा वीरेन्द्रले राजनैतिक दलहरूमाथि लगाइएको प्रतिबन्ध हटाए र कार्यकारी, तथा व्यवस्थापकीय अधिकारसहितको अन्तरिम सरकारको गठनको स्वीकृति दिए । राजनैतिक दलहरू तथा राजाका प्रतिनिधिहरू सम्मिलित संवैधानिक सुधार समितिले संविधानको मस्यौदा तयार पारे र राजा वीरेन्द्रले २०४७ कार्त्तिक २३ गते (१९९० नोभेम्बर) यस संविधानको घोषणा गरे । यसले नेपालमा पहिलोपटक बहुदलीय प्रजातन्त्रको स्थापना गऱ्यो । २०५२ साल (सन् १९९६) मा माओवादीहरूले समावेशी राज्य स्थापना गर्नका लागि जनयुद्ध शुरु गरे ।

नेपालको अन्तरिम संविधान २०६३ (सन् २००७): संविधान निर्माणका सम्बन्धमा नेपालको सवभन्दा पछिल्लो अनुभव २०६३ सालमा शुरू भएको थियो जब तत्कालीन राजाका शासन विरुद्ध देशव्यापी विरोध प्रदर्शनका कारण विघटित प्रतिनिधिसभाको पुनर्स्थापना तथा अन्तरिम सरकारको गठन भयो । अन्तरिम सरकारले नेकपा माओवादीसँग युद्धविराम सम्झौता तथा विस्तृत शान्ति सम्झौता गऱ्यो । त्यसपछि विज्ञहरू सम्मिलित एक अन्तरिम संविधान मस्यौदा समितिको गठन गरियो र यसले नेपालको अन्तरिम संविधान २०६३ को मस्यौदा तयार पाऱ्यो । अन्तरिम

संविधान पारित भइसकेपछि छ पटक संशोधन भइसकेको छ । अन्तरिम संविधान र यसमा भएका संशोधनहरूबाट राजतन्त्रको उन्मूलन, संङ्घीय राज्यको घोषणा तथा राष्ट्रपति (राष्ट्रप्रमुख) को व्यवस्था गरिएको छ । अन्तरिम संविधान २०६३ ले नेपालमा संविधान निर्माण प्रक्रियामा मार्गदर्शन प्रदान गर्न संविधानसभाको गठन गरेको छ । २०६४ चैत्र २८ गत संविधानसभाको निर्वाचनपछि नेपालमा पहिलो पटक संविधानसभा मार्फत् संविधान बनाउने कार्यका लागि २०६५ जेष्ठ महिनामा संविधानसभाको पहिलो वैठक बस्यो ।

## ९. संविधान निर्माण प्रक्रियासँग सम्बन्धित महत्वपूर्ण नीतिहरु के, के हुन् ?

२०६६ भाद्र सम्ममा, नेपालका जनताले थाहा पाउनुपर्ने संविधान निर्माणसँग सम्बन्धित महत्वपूर्ण नीतिहरु यसप्रकार रहेका छन् :

| | |
|---|---|
| २०६५ फागुन १५ गते - २०६६ जेष्ठ ८ गते | विषयगत समितिहरूले आफ्ना अवधारणापत्रका आधारमा संविधानको प्रारम्भिक मस्यौदा तयार पार्नेछन् । |
| २०६६ जेष्ठ ९ गते - २०६६ कार्तिक २९ गते | संविधानसभामा प्रारम्भिक मस्यौदाहरूमाथि छलफल । |
| २०६६ मंसिर १ गते - मंसिर ३० गते | संवैधानिक समितिद्वारा संविधानको पहिलो मस्यौदाको तयारी । |
| २०६६ पुष १ गते - ७ गते | संविधानको पहिलो मस्यौदाहरूमाथि संविधानसभामा छलफल । |
| २०६६ पुष ८ गते - १५ गते | नेपाल राजपत्रमा पहिलो मस्यौदाको प्रकाशन । |
| २०६६ पुष २३ गते - माघ १५ गते | दोस्रो चरणको जनपरामर्श शुरू |
| २०६६ माघ १६ गते - फागुन २२ गते | जनताको सुझाव संकलन तथा सो माथि छलफल । |
| २०६६ फागुन २३ गते - चैत्र ३ गते | सुझावका आधारमा पहिलो मस्यौदाको संशोधन । |
| २०६६ चैत्र ४ गते - २०६७ जेष्ठ ७ गते | संविधानसभाका सदस्यहरूद्वारा संशोधनसहितको पहिलो मस्यौदामाथि छलफल । |
| २०६७ जेष्ठ ८ गते - १४ गते | संविधानको अन्तिम मस्यौदाको तयारी तथा अनुमोदन । |

संविधानसभाको कार्यतालिकाको अद्यावधिक जानकारीका लागि कृपया यहाँ दिइएको वेबसाइटमा हेनुहोला : http://www.ccd.org.np/pdf/NEW_CA_Timeline_en.PDF

# पुस्तिका-शृङ्खलाबारे

संविधानसभाका सदस्यहरू तथा इच्छुक सर्वसाधारणलाई संविधान निर्माण प्रक्रियासम्बन्धी आधारभूत जानकारी उपलब्ध गराउनु नै यस पुस्तिका-शृङ्खलाको उद्देश्य हो । यी प्रकाशनहरू संवैधानिक परिणामबारे कुनै पनि किसिमबाट पूर्वानुमान गर्ने अवधारणापत्र वा प्रस्ताव वा मनसाय होइनन् । यो शृङ्खला संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को 'नेपालमा सहभागितामूलक संविधान निर्माणका लागि सहयोग' (एसपीसीबीएन) परियोजनाको समन्वयमा नेपाली तथा अन्तर्राष्ट्रिय संविधानविद्हरूको सामूहिक प्रयासको प्रतिफल हो ।

यी पुस्तिकाहरूलाई अझै परिस्कृत बनाउन प्रतिक्रिया तथा टिप्पणीका लागि विशेष अनुरोध छ । बढीभन्दा बढी सुसूचित, प्रतिबद्ध र रचनात्मक छलफललाई प्रोत्साहित गर्न यी प्रकाशनहरू सफल भएमा नै अपेक्षित उद्देश्य हासिल हुनेछ । प्राप्त टिप्पणीहरूका आधारमा यी पुस्तिकाहरूका नयाँ तथा अतिरिक्त संस्करणहरू तयार गर्न सकिनेछ ।

यो शृङ्खलालाई नेपालका केही प्रमुख राष्ट्रभाषाहरूमा अनुवाद गर्ने क्रममा उच्च गुणस्तर कायम राख्ने तथा सम्बन्धित भाषाका बहुसङ्ख्यकले बुझ्ने सही शब्दावली प्रयोग गर्ने हरसम्भव प्रयास गरिएको छ । शब्दावलीको उपयुक्त तथा सही प्रयोगबारे विभिन्न भाषिक समुदायहरूबीच भविष्यमा छलफल तथा बहसहरू हुने अपेक्षा गर्न सकिन्छ । संवैधानिक संवाद केन्द्रको उद्देश्य त्यस्ता बहसहरूलाई कुनै पनि प्रकारले छायाँमा पार्नु नभई ती भाषाहरूलाई पनि समावेश गरेर यस प्रयासमा समावेशिता र पहुँचको अधिकतम वृद्धि गर्नु हो ।

देशमा संविधान निर्माणसँग सान्दर्भिक विषयवस्तुबारे संवैधानिक संवाद केन्द्रले तयार गर्न लागेको शृङ्खलावद्ध पाठ्यसामाग्रीहरूको एउटा अंश यो पुस्तिका हो ।

सभासद्हरूका साथै यस विषयवस्तुमा चासो राख्ने सर्वसाधारणलाई प्रमुख संवैधानिक अवधारणा तथा मुद्दाहरूमा सरिक गराउनु यस शृङ्खलाबद्ध प्रकाशनको उद्देश्य हो । शृङ्खला अन्तर्गतका प्रत्येक पुस्तिका नेपालमा बोलिने प्रमुख भाषाहरू (नेपाली, मैथिली, भोजपुरी, थारु, मगर, तामाङ्ग, नेवार) र अङ्ग्रेजी भाषामा उपलब्ध छ। यी पाठ्यसामग्रीहरूका श्रव्य संस्करण (क्यासेट, डीभीडी) पनि उपलब्ध हुनुका साथै यिनीहरूलाई अनलाइनमा पनि राखिएको छ।

पहिलो चरणमा यस प्रकाशन शृङ्खलामा समेटिने विषयवस्तुहरू यसप्रकार छन् : राज्य र धर्म, सङ्घीय प्रणाली, संविधानमा मानव अधिकार, आदिवासी जनजातिका अधिकार, अल्पसङ्ख्यकहरूका अधिकार, सरकारका प्रणालीहरू, स्वतन्त्र न्यायपालिका, स्थानीय स्वशासन, विविधता र सामाजिक समावेशीकरण र सहभागितामूलक संविधान निर्माण प्रक्रिया ।

**संवैधानिक संवाद केन्द्र**
तेस्रो र चौथो तल्ला, अल्फा बेटा कम्प्लेक्स, बुद्धनगर, काठमाडौं
टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८
ई-मेल : info@ccd.org.np
वेबसाइट : www.ccd.org.np

